## राजपत्राङ्कित विशिष्ट श्रेणी र प्रदेशका प्रदेश सचिवको
## मौजुदा दरबन्दी पुनरावलोकनसम्बन्धी उच्चस्तरीय कार्यदलद्वारा नेपाल सरकार समक्ष प्रस्तुत प्रतिवेदनका मुख्य सुझावहरु

१. राजपत्राङ्कित विशिष्ट श्रेणी लगायत निजामती सेवाका राजपत्रअनंकित द्वितीय श्रेणीदेखि माथिका सवै श्रेणीभित्र दुई तह कायम गर्न उपयुक्त हुने । विशिष्ट श्रेणीको सचिवको मौजूदा सङ्ख्यामा पुनरावलोकन गरी सो को वर्तमान सङ्ख्यामा घटाउने र विशिष्ट श्रेणीको अतिरिक्त सचिवको थप व्यवस्था गर्ने ।

२. एउटै मन्त्रालयमा दुईजना समानस्तरका राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदको दरबन्दी नराखी एक मात्र दरबन्दी कायम गर्ने।हाल एकभन्दा बढी सहसचिवको दरबन्दी रहेका निकायहरुमा अतिरिक्त सचिव राख्ने तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग बाहेकका अन्य संवैधानिक आयोगहरुका प्रशासनिक प्रमुखको रुपमा अतिरिक्त सचिवको दरबन्दी राख्ने।

३. निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणीदेखि विशिष्ट श्रेणीसम्मका पदमा कार्यरत सम्पूर्ण कर्मचारीको वृत्ति विकास पथ समेतको पक्षलाई दृष्टिगत गरी सबै सेवा समूह र उपसमूहबीच समान अवसर हुने गरी दरबन्दीको निश्चित अनुपात कायम गर्ने ।

४. निजामती सेवा नियमावली, २०५० को नियम ९० क मा उल्लेख भएको व्यवस्था बमोजिम नेतृत्व क्षमता मूल्याङ्कन गर्ने कार्यलाई वस्तुनिष्ठ बनाउन सो सम्बन्धी समितिलाई क्रियासिल बनाउने ।

५. निजामती सेवामा रहेका विभिन्न सेवा, समूह, उपसमूहका विभिन्न पदहरुमा हालको श्रेणीबाट माथिल्लो श्रेणीका सम्बन्धित पदहरुमा पदोन्नती गर्दा नियुक्ति भएको लट (Batch System) का आधारमा पहिला नियुक्ती हुने पहिला बढुवा हुने पद्धतिको अवलम्बन गर्ने । यसका लागि नकरात्मक सूचीमा नपरेका कर्मचारीहरु बढुवा हुन योग्य हुने गरी आधारहरु तयार गर्ने ।

६. उपसचिव र सहसचिवको पदमा खुला प्रतियोगितात्मक परीक्षा पद्धती हटाउने ।

७. सचिव पदको जिम्मेवारीलाई थप प्रभावकारी बनाउन सचिव पदमा पदोन्नति गर्दा हाल कायम रहेका आधारका अतिरिक्त कम्तिमा ५० वर्ष उमेर पुगेको, सेवा अवधीमा विभागीय कारबाहीमा नपरेको,अतिरिक्त सचिव पदमा बढुवा हुनको लागि दरबन्दी उपलब्ध भएसम्म प्रदेशस्तरमा काम गरेको हुनुपर्ने ।

८. प्रदेश मन्त्रालयमा रहने विभिन्न सेवासमूहका सचिव दरबन्दी निश्चित गर्ने । साथै प्रदेश सचिवको सङ्ख्या समेत निश्चित गरी दश कायम गर्ने। प्रदेश सचिव पदमा रही प्रदेशमा न्यूनतम एक वर्ष काम गर्नुपर्ने । प्रदेशमा सात प्रदेश मन्त्रालयहरु कायम गर्न उपयुक्त हुने ।

९. निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदलाई व्यवस्थापकीय (Managerial) पदको रुपमा विकास गर्न विद्यमान सचिव पदको क्लष्टर प्रणालीलाई हटाउने। परराष्ट्र सेवा र न्याय सेवाका विशिष्ट श्रेणीका पदमा हालको व्यवस्थालाई निरन्तरता दिने। राजपत्राङ्कित विशिष्ट श्रेणीको अतिरिक्त सचिवसम्म मात्र Cluster प्रणाली कायम गर्ने तथा विशिष्ट श्रेणीको सचिवमा बढुवाका लागि Cluster पद्धति लागू नहुने व्यवस्था गर्ने ।

१०. संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारभूत सिद्धान्त तथा कार्य विश्लेषण, कार्यबोझ, कार्यप्रकृति, कार्यक्रम र औचित्यको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय तहले मौजुदा दरबन्दीको पुनरावलोकन गर्ने ।

११. प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित जुनसुकै क्षेत्रगत विषयहरुमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी कार्य गर्दा नीति तथा कानुनी एकरुपता कायम हुनुका साथै प्रभावकारी रुपमा समन्वय हुने भएकोले प्रदेश समन्वय परिषद् तथा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिमा मन्त्रालयको प्रतिनिधित्व सुनिश्चित गराउने ।

१२. हाल स्वास्थ्य सेवाका कर्मचारीहरुको व्यवस्थापन र सेवा सञ्चालन नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम भई रहेकोमा स्वास्थ्य सेवाका कर्मचारीहरु निजामती सेवाका हुन होइनन् भन्ने प्रश्न उठ्ने गरेकाले नेपाल स्वास्थ्य सेवालाई निजामती सेवा ऐन अन्तर्गत नै समेट्न उपयुक्त हुने देखिन्छ।

१३. निजामती सेवामा कार्यरत कर्मचारीहरुको सरुवा तथा पदस्थापन गर्दा प्रचलित कानुन बमोजिम मात्र गर्ने। हाल प्रचलनमा रहेको कामकाज गर्ने गरी खटाउने व्यवस्थालाई तत्कालै बन्द गर्नुपर्ने। प्रत्येक निकायले सरुवा मापदण्ड स्वीकृत गरी सो अनुसार सरुवा गर्ने वार्षिक समयतालिका बनाउने ।

१४. सबै गाउँपालिकाहरुमा नेपाल प्रशासन सेवा, रा. प. द्धितीय श्रेणी, उपसचिवको दरबन्दी कायम गर्ने ।सबै नगरपालिकाहरुमा नेपाल प्रशासन सेवा, रा.प. द्धितीय श्रेणी, वरिष्ठ उपसचिव ( ५ वर्ष सेवा अवधि पुगेको) लाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाउने ।साथै स्थानीय तहमा रहने लेखा शाखा प्रमुख,पूर्वाधार शाखा प्रमुख (इन्जिनियर) र कानून अधिकृत संघीय निजामती सेवाका कर्मचारीहरुबाट खटाउने व्यवस्था मिलाउने ।

१५. हाल निजामती सेवा नियमावली, २०५० को नियम ८० को उपनियम (२) बमोजिमको भौगोलिक क्षेत्रको विवरणलाई सबै जिल्ला र स्थानीय तहहरुको वर्ग विभाजन गर्न निश्चित आधार तय गरी पुनरावलोकन गर्ने।

१६. निजामती सेवा ऐन, २०४९ को परिच्छेद ५ (दफा २७-३२) मा भएका कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्थालाई प्राथमिकताका साथ कार्यान्वयन गरी अन्य क्षेत्रको तुलनामा निजामती कर्मचारीहरुको सेवा, सुविधालाई आकर्षक, समयसापेक्ष र निजामती सेवालाई गरिमामय बनाउने ।

१७. कार्य सम्पादन मूल्याङ्कनलाई नतिजासँग आवद्ध र बस्तुनिष्ठ बनाउन निजामती सेवा नियमावलीमा संशोधन गर्ने ।

१८. परराष्ट्र सेवा विशिष्टकृत सेवा भएकोले सो सेवा अन्तर्गतको नियोग लगायतका निकायमा आवश्यकता अनुसार अतिरिक्त सचिवको दरवन्दी राख्ने सम्बन्धमा सो मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सम्बोधन गरिनु पर्ने साथै विभिन्न मुलुकमा राजदुत खटाउदा परराष्ट्र सेवा तर्फका अनुभवी कर्मचारीहरुलाई प्राथमिकता दिदै ७५ प्रतिशत सोही सेवा भित्रबाट र २५ प्रतिशत वाह्रय व्यक्तिहरुबाट खटाउन उपयुक्त हुने ।

१९. सेवा प्रवेश तालिमको हालको व्यवस्थालाई कायम राखि सेवाकालिन तालिमको अवधि थप गर्ने व्यवस्था मिलाउने ।

२०. उच्चस्तरीय कार्यदलले प्रतिवेदनमा प्रस्तुत गरेका सुझावहरुलाई नेपालको प्रचलित कानुन बमोजिम सम्बद्ध ऐन, कानुनमा परिमार्जन गरी नेपाल सरकारले कार्यान्वयनमा ल्याउने ।